**सम्पादन मण्डल**

वाई. बी. थापा
पूर्णबहादुर चेम्जोङ
डा. बालचन्द्र मिश्र
मानबहादुर कुँवर

**सल्लाहकार**

प्रा.डा. चैतन्य मिश्र
लक्ष्मीशरण घिमिरे
सपना प्रधान मल्ल
उर्मिला अर्याल

**सम्बाददाता**

कृष्णभक्त राई
एकमाया थापा
तुलसा ओली
शारदा रिजाल
सुनिता खतिवडा

**व्यवस्थापक**

मदनबहादुर थापा
पुष्कर पोखरेल
जयनारायण प्रसाद चौधरी

**मुद्रक :**

साईनो आर्टस्
मध्यपुर थिमि-१५, कौशलटार
फोन : ६६३८८८०

**प्रकाशक**

पुनर्जागरण समाज नेपाल
केन्द्रीय कार्यालय
बालकोट-२, भक्तपुर
पो.ब.नं. : १०४२९, काठमाडौं, नेपाल
फोन : ००९७७-१-६६३२८२१
फ्याक्स :००९७७-१-६६३०४८९
Email: rsn@ntc.net.np
Website :www.renaissance.org.np

**क्षेत्रीय कार्यालयहरु**

**पूर्वाञ्चल क्षेत्रीय कार्यालय**

वी.पी. चोक, इटहरी, सुनसरी
फोन : ०२५-६२१०२९
Email: rsneast@yahoo.com

**पश्चिमाञ्चल क्षेत्रीय कार्यालय**

दीपनगर, बुटवल, रुपन्देही
फोन : ०७१-५४४१४९
Email: rsnwest@ntc.net.np

**मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय**

कारकाँदो चोक, नेपालगञ्ज, बाँके
फोन : ०८१-५५०३५०
Email: rsnwdnp@ntc.net.np

**सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय**

पुरानो भन्सार रोड, धनगढी, कैलाली
फोन : ०९१-५२२६८५
Email: rsnfwest@ntc.net.np


## इतिहास लेखाउने पदचापहरु...







**सम्पादकीय**

# संविधान निर्माणको काम शुरु गर्नमा देखिएको ढिलाई

शान्तिपूर्ण जनक्रान्तिको स्वरुप समेत धारण गरेको २०६२/६३ को दोश्रो ऐतिहासिक जनान्दोलनको उपलब्धिस्वरुप शाहबंशीय राजतन्त्र संविधान सभाको २०६५ जेष्ठ १५ को ऐतिहासिक घोषणाद्वारा औपचारिक रुपमै समाप्त भएको छ र मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसकेको छ। विद्यमान एकात्मक केन्द्रीकृत शासन ब्यबस्थाको विकल्पमा संघीय स्वरुपमा राज्यको पुनसंरचनाको चरण प्रारम्भ भएको छ। झण्डै ६ दशक देखि नेपालका राजनीतिक दलहरुको प्रमुख मागको रुपमा रहदै आएको संविधान सभाको लागि प्रत्यक्षतर्फको निर्वाचन २०६४ चैत्र २८ गते सम्पन्न भएको छ भने समानुपातिक निर्वाचन प्रणाली र राष्ट्रिय सहमतिका आधारमा मन्त्रीमन्डलबाट मनोनित हुने सदस्य संख्याले पनि त्यसपछिका विभिन्न मितिमा पूर्णता प्राप्त गरिसकेको छ। यति हुँदाहुँदै पनि केही चिन्ता लिनुपर्ने पक्ष पनि देखिइसकेको छ, त्यो हो संविधान निर्माणको कार्य शुरु गराउनमा भइरहेको ढिलाइ। यो चिन्ता जनस्तरमा मात्र देखिएको होइन, संविधान सभाका अध्यक्ष सुवाश नेम्वाङ स्वयंले समेत यस कुरालाई सार्वजनिक समारोहहरुमै उठाएर मुलुकका राजनीतिक दलहरु र अरु संबद्ध पक्षको ध्यानाकर्षण गराइसक्नुभएको छ।

संविधान सभाको पहिलो बैठकले राजतन्त्रको औपचारिक रुपमा अन्त्यको घोषणा गरेपछि लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने नया संविधानको खाका कोर्ने कार्यको प्रारम्भ त्यसको भोलिपल्टै देखि हुनुपर्दथ्यो र अहिलेसम्ममा भण्डै एक चौथाइ भन्दा बढी काम संपन्न भइसक्नुपर्ने थियो। तर, निराशाको कुरा, संविधान सभाको प्रत्यक्ष निर्वाचन संपन्न भएको झण्डै ६ महिना भइसक्दा पनि त्यतातिर सकृयता बढाइएको अनुभूति सर्वसाधारणले गर्न पाएका छैनन्। त्यसमाथि संसदको बजेट अधिवेशन शुरु भइसकेको र नेकपा (माओबादी)को नेतृत्वमा रहेको नयाँ सरकारले ल्याएको पहिलो बजेट हुनाले पनि आगामी केही दिनहरु संविधान सभा र राजनीतिक दलहरुको ध्यान त्यतैतिर केन्द्रित रहने संभावनालाई पनि अश्विकार गर्न सकिन्न।

यो संविधान सभाको निर्धारित आयु २ वर्षको हो र मुलुकमा संकटकाल घोषणा भएको विशेष परिस्थितिमा मात्र यसको म्याद बढीमा ६ महिनाका लागि थपिन सक्छ। देशका दुर्गम-सुगम, शिक्षित-अशिक्षित सबै खाले क्षेत्र, जाती, संप्रदाय, पेशा र वर्गका जनताको भावना र चाहनालाई संबोधन गरी भावी संमृद्ध नेपालको खाका कोर्ने नया संविधान लेखनको कार्यमा ढिला हुनु शोभनीय हुँदैन। त्यसमाथि संविधान पारित गराउँदा यसको प्रस्तावना र प्रत्येक धारामा मतदान गराई सर्वसम्मतिले पारित गराउनुपर्ने बाध्यात्मक ब्यबस्थाले गर्दा त्यो चरण निकै कष्टकर र लामो पनि हुनसक्छ। सर्वसम्मत नभएको अवस्थामा राजनीतिक पार्टीको संसदीय दलका नेताहरु बीच पुनः परामर्श कार्य अघि बढाउने र संविधान सभामा पुनः मतदानका लागि पेश गर्ने, त्यसरी पनि सर्बसम्मत हुन नसकेको अन्तिम अवस्थामा संविधान सभामा तत्काल कायम रहेको सदस्यहरु मध्ये कम्तिमा दुई तीहाई सदस्य उपस्थित भएको बैठकको कम्तिमा दुई तीहाई बहुमतबाट पारित गराउनुपर्ने ब्यबस्था वर्तमान अन्तरिम संविधानले गरेको छ। त्यतिबेला सर्बसम्मतिमा आउन नचाहने वा उपस्थितिको दुई तीहाइबाट पारित गराउन लाग्दा त्यसको विरोधमा सडकमै उत्रेर दवाव, अवरोध र अशान्ति सिर्जना गर्ने तत्व/शक्ति पनि देखा नपर्ला भन्न सकिन्न। विगतमा २०४७ को संविधान जारी भएको दिनमा त्यसको पक्ष र विपक्षमा सडकमा देखा परेका दृश्य र ब्यक्त भएका प्रतिकृया र ब्यबहारलाई हामीले नदेखेको र नभोगेको होइन।

त्यसैले सभासदहरुले नयाँ संविधान निर्माणका एजेन्डाहरुको टुंगो अबिलम्ब लगाई प्रारम्भिक चरणका कार्यहरु शुरु गर्न ढीलो भइसकेको छ। कुल ६ सय १ जना सदस्य रहेको संविधान सभाको ठूलै पल्टनलाई दैनिक भारी पुग्नेगरी काम दिनका लागि पनि यसमा चटारो देखिइसक्नु पर्दथ्यो। संविधान सभाको सदस्य नरहेका तर संविधान निर्माण कार्यमा सहयोग लिनुपर्ने विषयविज्ञ र संघ/संस्थाहरु मुलुकमा पर्याप्तै संख्यामा रहेका छन्। उनीहरुलाई चलायमान गराउन तथा राष्ट्रब्यापी बहश र विचार मन्थन कार्य संचालन गराउनका लागि पनि पहिले संविधान सभाको मूल ...बडी! र यसका सदस्यहरुको सकृयता बढाउनु जरुरी हुन्छ। यो कुरालाई उहाँहरु, प्रार्थमिकता क्रममा अगाडि हुनेछ भन्ने आशा गरौं। संविधान सभाले आफ्नो दायित्व र समय सीमा अनुरुपको चटारो देखाउन थालिहाल्नेछ। हामी सहयोगका हातहरु अघि बढाउन तम्तयार छौं, अस्तु।

# महिला लोकतान्त्रिक सञ्जाल केन्द्रीय समितिका पदाधिकारीहरू



उर्मिला अर्याल
अध्यक्ष



कमला पन्त
महासचिव



ईश्वरी न्यौपाने
कोषाध्यक्ष



निलम बर्मा
सदस्य



पुष्पा भुसाल
सदस्य



मञ्जु खाँण
सदस्य



रञ्जु ठाकुर
सदस्य



राधा तिमल्सिना
सदस्य



रीमा नेपाली
सदस्य



रेणु कु. यादव
सदस्य



रेणु यादव
सदस्य



शिला कतिला
सदस्य



शुशिला नेपाल
सदस्य



शुशिला स्वाँर
सदस्य



सावित्री बोगटी
सदस्य



सेख चाँद तारा
सदस्य

# पुनर्जागरण समाज नेपालद्वारा संचालित कार्यक्रमका केही झलकहरू ...



इटहरीमा आयोजित महिलाको राजनीतिक सहभागिता अभिबृद्धि, सशक्तिकरण र समावेशीकरणका लागि दलहरुको रणनीतिक कार्ययोजना विषयक क्षेत्रीय कार्यशाला गोष्ठीमा छलफलमा ब्यस्त सहभागीहरू



२०६५ भाद्र ७ गते महिला लोकतान्त्रिक सञ्जाल कपिलबस्तुले आयोजना गरेको तीज गीत प्रतियोगितामा आफ्नो गीत र नृत्य प्रस्तुत गर्दै सहभागीहरू




स्याङ्जा जिल्लामा जेष्ठ २८ गते महिला लोकतान्त्रिक संजालको जिल्ला सम्पर्क कार्यालय स्थापना गर्ने क्रममा साईन बोर्ड सहित संजालका पदाधिकारीहरू



पुनर्जागरण समाज नेपालद्वारा सञ्चालित महिला लोकतान्त्रिक सञ्जाल परियोजनाको त्रैमासिक प्रगति समीक्षा बैठकमा सहभागी परियोजना कर्मचारी र RDIF/ESP का प्रतिनिधिहरू



महिला लोकतान्त्रिक सञ्जाल सुर्खेतले आयोजना गरेको कार्यक्रममा सम्बोधन गर्दै सञ्जाल अध्यक्ष: लक्ष्मी शर्मा



नेपालगञ्जमा आयोजित महिलाको राजनीतिक सहभागिता अभिबृद्धि, सशक्तिकरण र समावेशीकरणका लागि दलहरुको रणनीतिक कार्ययोजना विषयक क्षेत्रीय कार्यशाला गोष्ठीमा छलफलमा ब्यस्त सहभागीहरू



राजनीतिमा महिलाको सहभागिता अभिबृद्धि, सशक्तिकरण र समावेशीकरणका लागि दलगत रणनीतिक कार्ययोजना निर्माणका लागि नवलपारासीमा आयोजित जिल्लास्तरीय गोष्ठीमा व्यस्त नेताहरू



पुनर्जागरण समाज नेपालद्वारा सञ्चालित गरिवी निवारण कोष कार्यक्रम अन्तर्गत आय-आर्जन अभिबृद्धिका लागि बाख्रा पालनबाट लाभान्वित प्यूठान जिल्लाका किसानहरू

पुनर्जागरण समाज नेपालको त्रैमासिक बुलेटिन

# पुनर्जागरण सन्देश

# The Renaissance Message

वर्ष ३ | अंक ८ | २०६५ भाद्र



महिला लोकतान्त्रिक सञ्जाल केन्द्रीय समितिद्वारा २०६५ असार ३ गते काठमाडौंमा आयोजना गरिएको संविधानसभामा निर्वाचित सञ्जाल सम्बद्ध महिला सभासदहरुको सम्मान कार्यक्रमका सहभागीहरू

## यस अंकका आकर्षणहरू


- ❖ सम्पादकीय
- ❖ ईटहरीमा महिला लोकतान्त्रिक संजालको भव्य जमघट १
- ❖ वीरगंजमा मध्यमाञ्चल क्षेत्रीय कार्यशाला गोष्ठी सम्पन्न ३
- ❖ सभासदलाई संविधान लेख्न कमल र डायरी ४
- ❖ महिला राजनीतिक सशक्तिकरणका लागि ... ५
- ❖ जिल्ला गतिविधि ... ६
- ❖ तीज मनाए चेलीहरुले १७
- ❖ भेटवार्ता: पूर्व उप-सभामुख चित्रलेखा यादव १८
- ❖ सञ्जाल केन्द्रीय समितिको बैठक सम्पन्न २०
- ❖ संविधान निर्माणमा महिलाका सवाल र चुनौतीहरु २१
- ❖ संविधान सभामा महिला सहभागीता र भावी दिशा २५
- ❖ महिला लोकतान्त्रिक सञ्जाल परियोजनाको प्रभाव... ३२
- ❖ दलहरुको रणनीतिक कार्ययोजनाका अन्तरसम्बन्धित ... ३४
- ❖ सर्वेक्षण प्रतिवेदन: एक सिंहावलोकन ४०
- ❖ महिला लोकतान्त्रिक संजालको स्थायित्व .... ४३
- ❖ भौतिक पुर्वाधार गतिविधि ... ४६
- ❖ साझा प्रश्न .... ४७
- ❖ सफलताका कथाहरु ... ५२
- ❖ पाठक प्रतिक्रिया ५४
- ❖ कविता ५५
- ❖ अखवारका पानाहरुमा संजाल गतिविधि ५६